का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ फागुन २०७९,
**बिहीबार**
16 February 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक २२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## संसदमा सम्पत्ति शुद्धिकरण विधेयक

# स्रोत नखुलेको सम्पत्तिलाई वैधता



अवैध नठरिएको तर, स्रोत खुलाउन नसकेको सम्पत्तिको कर तिरेर वैध बनाउन दिने सरकारी प्रस्ताव छ । तर, वैध भइसकेपछि पनि त्यस्तो सम्पतिउपर उजुरी लिन र अदालतमा मुद्दा चलाउन बाधा पर्ने छैन ।

“सम्पति शुद्धिकरण वा अन्य सम्बद्ध कसुरमा संलग्न नभएको, कर छली सम्बन्धी कसुर पनि नभएको अवस्थामा मात्र स्रोत खुलाउन नसकेको सम्पत्तिको हकमा कर निर्धारण गर्ने व्यवस्था गरिएको हो ।

**ध्रुवबहादुर प्रधान**
कानूनमन्त्री

**दीपेन्द्रविक्रम तामाङ/ मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

प्रतिनिधिसभामा सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई प्रस्तुत भएको छ । जहाँ स्रोत नखुलेको सम्पत्तिलाई वैधता दिने प्रस्ताव गरिएको छ ।

कानून न्याय तथा संसदीय ममिलामन्त्री ध्रुवबहादुर प्रधानका अनुसार अवैध नठरिएको तर, स्रोत खुलाउन नसकेको सम्पत्तिको कर तिरेर वैध बनाउन दिने सरकारी प्रस्ताव हो । तर, त्यस्तो स्रोत नखुलेको सम्पत्ति वैध भइसकेपछि पनि त्यस्तो सम्पत्तिउपर उजुरी लिन र अदालतमा मुद्दा चलाउन बाधा पर्ने छैन ।

प्रतिनिधिसभाको बैठकमा विधेयक प्रस्तुत गर्दै कानूनमन्त्री प्रधानले भनेका छन्, ‘सम्पत्ति शुद्धिकरण वा अन्य सम्बद्ध कसूरमा संलग्न नभएको, कर छली सम्बन्धी कसूर पनि नभएको अवस्थामा मात्र स्रोत खुलाउन नसकेको सम्पत्तिको हकमा कर निर्धारण गर्ने व्यवस्था गरिएको हो ।’

सरकारले स्रोत खुलाउन नसकेको सम्पत्तिमा कर निर्धारण गरेर वैध बनाउन दिने प्रस्ताव गरेको छ । तर, अपराधबाट आर्जिक सम्पत्ति वैध बनाउने व्यवस्था नगरिएको मन्त्री प्रधानको प्रष्टीकरण छ । ‘स्वयम् कर घोषणा गरेर अपराधबाट आर्जित सम्पत्ति वैध बनाउने व्यवस्था गरिएको छैन’ उनले भनेका छन्, ‘कसुर गरेको पाइएमा थप अनुसन्धान गरी थप मुद्दा चलाउन सकिने व्यवस्था प्रस्ताव गरिएको छ ।’

प्रस्तावित विधेयकको दफा ३० मा यस सम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, ‘सम्पत्तिको स्रोत खुलाउन लगाउँदा त्यस्तो स्रोत खुलाउन नसकेको र अनुसन्धान गरिएको व्यक्ति उपर सम्बद्ध कसूर वा सम्पत्ति शुद्धीकरणको कसूरमा मुद्दा चल्ने अवस्था नदेखिएको अवस्थामा सोको अभिलेख राखी स्रोत खुलाउन नसकेको सम्पत्तिको हदसम्म कर निर्धारण तथा असुलीको लागि आन्तरिक राजस्व विभागमा लेखी पठाउनु पर्नेछ ।’

यसरी स्रोत नखुलेको सम्पत्तिको कर निर्धारणका लागि लेखि आएमा आन्तरिक राजस्व विभागले कर सम्बन्धी कसूर गरे वा नगरेको यकिन गरी कसूर गरेको नपाइएमा त्यस्तो सम्पत्तिलाई चालू आय वर्षको आय मानी प्रचलित कानून बमोजिमको अधिकतम कर निर्धारण गरी असुल गर्नुपर्ने प्रस्तावित विधेयकमा

– बाँकी पृष्ठ २ मा

## प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं ।

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ ।
- शान्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ ।

त्यसैले,
प्रजातान्त्रिक आचारण संस्कार र व्यवहारको अवलम्वन गरौं ।
७३औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उच्चपदस्थको मर्यादाविपरीत भेट

सचिवस्तरीय बैठकमा भाग लिन केही दिनअघि काठमाडौं आएका भारतीय विदेश सचिव विनयमोहन क्वात्राले नेपालका राष्ट्रपति, प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीहरु, मन्त्री र पूर्वमन्त्री लगायत धेरै नेताहरुसँग भेटवार्ता गरेका थिए ।



तस्विर : प्रदीपराज वन्त/रासस

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

नेपालका शीर्षस्थ नेता र उच्चपदस्थ निकायमा रहने व्यक्तिहरुले कुटनीतिक मर्यादा विपरित अमेरिका, भारत र चीनबाट आउने सामान्य कर्मचारीलाई समेत उच्च प्राथमिकताका साथ भेटवार्ता गरेको आरोप लाग्दै आएको छ । सो विषयमा बुधवार बसेको संसद बैठकले पनि प्राथमिकता पाएको छ । संघीय सांसद चित्रबहादुर केसीले विदेशका सामान्य कर्मचारी आउँदा पनि राष्ट्रप्रमुखले समेत उच्च प्राथमिकताका साथ भेट्नु गलत भएको बताएका छन् ।

‘भारतको सामान्य कर्मचारी आउँदा पूर्वप्रधानमन्त्रीहरूदेखि मन्त्रीहरू र राष्ट्रप्रमुख नै लम्पसार परेको भन्दै यसले देशको इज्जत र प्रतिष्ठामा आँच आउँछ, भूगोलको हिसाबले राष्ट्र सानो, ठूलो भए पनि सार्वभौम सत्ता, भौगोलिक अखण्डताको हिसाबले राष्ट्र सानो, ठूलो हुँदैन,’ उनले

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## ‘कामदारहरुको हकहितमा गन्तव्य देशको ध्यान जान आवश्यक’

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ फागुन



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले नेपाली कामदारहरूको हकहित संरक्षणका लागि सम्बन्धित देशले विशेष ध्यान दिनुपर्ने धारणा राखेका छन् ।

संयुक्त अरब इमिरेट्स दुबईमा आयोजना गरिएको ‘वर्ल्ड गभरमेन्ट समिट’मा नेपालको तर्फबाट बोल्दै सचिव अर्यालले उक्त धारणा राखेको श्रम मन्त्रालयले बताएको छ । नेपाली श्रमिकहरुले रोजगार गन्तव्य मुलुकमा विभिन्न बहानामा समस्या भोगिरहेको भन्दै सचिव अर्यालले उनीहरुको सुरक्षा र संरक्षणमा सम्बन्धित गन्तव्य देशका प्रमुखहरुले ध्यान दिनुपर्ने उल्लेख गरे ।

चार दिनसम्म सञ्चालन भएको सम्मेलनमा सचिव अर्यालले नेपालको नेतृत्व गरेका थिए । तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले राजीनामा दिएपछि मन्त्रालय प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले उक्त मन्त्रालय आफैंले राखेका छन् ।

मध्य एसियाली देशहरूमा केन्द्रित रहेर श्रम बजारको अवस्था तथा श्रमिकका हकहितका सम्बन्धमा समूहगतरुपमा छलफल भएको थियो । आप्रवासी नेपालीहरूको हकहित संरक्षणमा जोड दिँदै सचिव अर्यालले नयाँ प्रविधिले ल्याएको चुनौती र सम्भावना, जलवायु परिवर्तनलगायतका विषयमा नेपालको धारणा राखेका थिए ।

नेपालले वैदेशिक रोजगार क्षेत्रको सेवा प्रवाहमा प्रविधिको प्रयोगमार्फत झन्झटहरू हटाई सरल र कामदार मैत्रीपूर्ण बनाएको, सामाजिक सुरक्षामा सबै नेपाली श्रमिकहरूको आवद्धता, स्वच्छ एवम्

– बाँकी पृष्ठ २ मा

## महाअभियोग शर्तसहित नयाँ सदनमा ब्युँतने

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।



महाअभियोग प्रस्ताव टुंगो नलाग्दै प्रतिनिधिसभाको कार्यकाल समाप्त भएमा त्यस्तो प्रस्ताव अर्को प्रतिनिधिसभामा जाने भएको छ ।

प्रतिनिधिसभाको नियमावली मस्यौदा समितिमा प्रतिनिधिसभाको कार्यकाल पाँच महिना भन्दा कम बाँकी रहेको अवस्थामा महाअभियोग प्रस्ताव दर्ता भएमा त्यसलाई निर्वाचनपछि गठन हुने प्रतिनिधिसभामा पेश गर्ने सहमति भएको हो । तर, नयाँ संसदमा लैजाँदा शर्तहरु लागू हुनेछन् ।

यसअघि महाअभियोग टुंगो लगाउनुपर्ने कुनै समयसीमा थिएन । यसपटक महाअभियोग पाँच महिनाभित्र टुंगो लगाइसक्नुपर्ने बाध्यात्मक प्रावधान राखिएको छ । पाँच महिना भन्दा कम समय रहँदै महाअभियोग आए नयाँ सदनमा जान सक्छ । तर, नयाँ सदनमा जाँदा एक चौथाइ सांसदले अपनत्व लिनुपर्ने र तीन महिनाभित्र टुंगो लगाइसक्नुपर्ने

महाअभियोग पाँच महिनाभित्र टुंगो लगाइसक्नुपर्ने बाध्यात्मक प्रावधान राखिएको छ । पाँच महिना भन्दा कम समय रहँदै महाअभियोग आए नयाँ सदनमा जान सक्छ । तर, नयाँ सदनमा जाँदा एक चौथाइ सांसदले अपनत्व लिनुपर्ने र तीन महिनाभित्र टुंगो लगाइसक्नुपर्ने शर्त राखिएको छ ।

सर्त राखिएको छ । संविधानको धारा १०१ अनुसार राष्ट्रपति, उपराष्ट्रपति, प्रधानन्यायाधीश, न्यायाधीश, न्यायपरिषद सदस्य, संवैधानि निकायका प्रमुख एवं पदाधिकारीविरुद्ध प्रतिनिधिसभामा एक चौथाइ सांसदले महाअभियोग प्रस्ताव लैजान सक्छन् । त्यस्तो महाअभियोग प्रस्ताव पाँच महिनाभित्र टुंगो लगाइसक्नुपर्ने बाध्यकारी व्यवस्था नियमावलीमा राखिएको हो ।

यसअघि राष्ट्रपति र उपराष्ट्रपतिको हकमा तीन महिना र अन्यको हकमा पाँच महिनाभित्र टुंगो लगाउनुपर्ने विषयमा सहमति जुटेको थियो । पूर्व सहमतिलाई उल्टाउँदै प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले सबै


– बाँकी पृष्ठ २ मा

## सूचना ! सूचना !! सूचना !!!
## सीप सिकेर दक्ष र आत्मनिर्भर बनौं !

यस **बिन्दबासिनी इन्टरनेशनल इन्स्टिच्युट प्रा.लि.**को व्यवस्थापन समिति परिवर्तन हुनुका साथै नेपाल सरकारको **वैदेशिक रोजगार विभाग** र **सि.टि.इ.भि.टी**बाट मान्यता प्राप्त यस संस्थामा **इजरायलको केयर गिभर** सम्बन्धी कक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल एकमात्र भरपर्दो र गुणस्तरीय शिक्षाको लागि हामीलाई सम्झनुहोस । साथै विभिन्न किसिमका तालिमका कक्षाहरु संचालन भएको जानकारी गराउँदछौं ।

**वैदेशिक रोजगार विभाग (अभिमुखीकरण तालिम, घरेलु कामदारको तालिम, सेक्युरिटी गार्ड, मेशन, इलेक्ट्रिसियन, वैटर्स, गार्मेन्ट टेलरिङ) सि.टि.इ.भि.टी. अन्तर्गत (कियर गिभर, सेक्युरिटी गार्ड, मेशन, प्लम्बर, वैल्डिङ, इलेक्ट्रिसियन, बरिष्टा, हाउसकिपिङ, रुम एटेण्ड, ब्युटिसियन, टेलरिङ, मोबाइल फोन मर्मत, कम्प्युटर रिपियर) ।**

**बिन्दबासिनी इन्टरनेशनल इन्स्टिच्युट प्रा.लि.**
खरेल हाउस, नयाँ बानेश्वर, काठमाडौं
Email: bindabasini.inst@gmail.com, web: www.biinepal.com
फोन नं: ०१४५८९१४७, मो: ९८०६२०६६७४



मध्यान्ह
www.madhyanhadaily.com
४ फागुन २०७९, बिहीबार
16 February 2023, Thursday

# बालेन शाहलाई जरिवाना लिने निर्णय कार्यान्वयन नगर्न आदेश

**काठमाडौं/मस–** सर्वोच्च अदालतले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाहसँग जरिवाना लिने निर्वाचन आयोगको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ ।

कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, डा. आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमान सिंह राउनको संवैधानिक इजलास आयोगको उक्त निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो । आयोगले जरिवाना गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश दिँदै अदालतले आयोगसमक्ष लिखित जवाफसमेत माग गरेको छ ।



गत वैशाख ३० मा सम्पन्न स्थानीय तह निर्वाचनमा समयमै खर्च विवरण नबुझाएको उल्लेख गर्दै आयोगको गत भदौ ३१ गतको बैठकले समयमै खर्च विवरण पेश नगर्नेलाई जरिवाना गर्ने निर्णय गरेको थियो । शाहलाई रु सात लाख ५० हजार जरिवाना तोकिएको थियो । त्यस्तै अरु एक लाख २३ हजार उम्मेदवारलाई न्यूनतम रु एक लाख ५० हजारदेखि सात लाख ५० हजारसम्म जरिवाना तोकेको थियो ।

आयोगको उक्त निर्णयविरुद्ध शाह सर्वोच्च अदालतमा रिट निवेदन हालेका थिए । सोही निवेदनको सुनुवाइपछि अदालतले जरिवाना गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

आयोगका अनुसार स्थानीय तह निर्वाचनमा उम्मेदवार बनेर खर्च विवरण नबुझाउने उम्मेदवारहरू १ लाख २३ हजार ६२४ जना छन् । उनीहरु विरुद्ध कारबाही प्रक्रिया शुरु गरेको आयोगले कसले कति जरिवाना तिर्नुपर्ने भनी तय गरेर सार्वजनिक गरेको थियो । आयोगले स्थानीय तहको चुनावमा खर्च विवरण नबुझाउने महानगरपालिकाका मेयर र उपमेयरका उम्मेदवारलाई साढे ७ लाख रुपैयाँ जरिवाना तोकेको छ । महानगरका वडा सदस्य तथा वडाध्यक्षका उम्मेदवारले ३ लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने हुन्छ । उपमहानगरपालिकाका मेयर र उपमेयरका उम्मेदवारले साढे ५ लाख तथा वडाध्यक्ष र वडा सदस्य उम्मेदवारले साढे २ लाख जरिवाना तिर्नुपर्ने, नगरपालिकाका मेयर र उपमेयरका उम्मेदवारले साढे ४ लाख तथा वडाध्यक्ष र वडा सदस्य उम्मेदवारले २ लाख जरिवाना तिर्नुपर्ने गरी आयोगले जरिवाना रकम तोकेको छ । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष उम्मेदवारले साढे ३ लाख तथा वडा सदस्य र वडाध्यक्षका उम्मेदवारले डेढ लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने हुन्छ । निर्वाचन आयोगले आगामी फागुन मसान्तसम्म जरिवाना रकम बुझाउन भनेको छ ।

# कुलपतिमा राई र उपकुलपतिमा निभा

**काठमाडौं/मस–** नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपतिमा भूपाल राईको नाम सिफारिस भएको छ । यस्तै उपकुलपतिमा विमल निभा (विमलकृष्ण श्रेष्ठ) को नाम सिफारिस भएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बुधबार नेपाल प्रज्ञा प्रतिष्ठान ऐन २०६४ अनुसार ११ सदस्यीय पदाधिकारीहरूको नाम सिसफारिस गरेको हो ।



जसअनुसार सदस्यहरूमा मधुसुदन गिरी, कृष्णाराज अधिकारी, राजन मुकारुङ, बाबा बस्नेत, कौशिला रिसाल, हंसावती कुर्मी, अमर न्यौपाने, त्रैलोक्यमान बनेपाली र धनप्रसाद सुवेदी रहेका छन् ।

नयाँ पदाधिकारीहरूलाई प्रधानमन्त्रीले नियुक्त गरेपछि शपथग्रहण हुनेछ ।

# लोत्से मलमा लुटपाट गर्ने पक्राउ



**काठमाडौं/मस–** गोंगबु नयाँ बसपार्कस्थित लोत्से मलमा प्रवेश गरी विभिन्न पसलमा लुटपाट गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले बुधबार पत्रकार सम्मेलन गरेर उक्त घटनामा दैलेखका चिरन रेग्मी, काठमाडौंको सामाखुसी बस्ने नविन खड्गी, रुपन्देहीका सुजन खत्री र झापाका प्रदीप बस्नेत रहेका जानकारी गराएको छ । अन्य संलग्नको खोजी कार्य जारी रहेको परिसरका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए ।

उक्त मलमा अर्जुन चालिसेले सञ्चालन गरेको एसिडिसी मोबाइल प्रालि, डायमन्ड मोबाइल प्रालि तथा गजेन्द्र न्यौपानेले सञ्चालन गरेको काठमाडौं सुपर मार्केट प्रालिमा तोडफोड गरी उक्त पसलभित्र रहेका मोबाइल, चार्जर, रिचार्ज कार्ड, एयरफोनलगायतका सामान चोरी गरी लगेको प्रहरीले जनाएको छ । ट्राफिक प्रहरीले बढाएको जरिवाना घटाउनुपर्ने, माइक्रोबस व्यवस्थापन लगायतको माग राखी विभिन्न यातायात मजदुर संगठनले गरेको आन्दोलनका क्रममा फागुन १ गते तोडफोडसहित लुटपाट भएको थियो ।

उक्त घटना भएको थाहा पाएपछि तत्कालै प्रहरी वृत्त महाराजगञ्ज र जिल्ला प्रहरी परिसर काठमाडौंबाट प्रहरी अधिकृतसहितको टोली घटनास्थलमा पुगी घटनास्थल मुचुल्कालगायतका कार्य सम्पन्न गरी घटनामा संलग्न व्यक्तिको खोजतलास गरी अनुसन्धान गर्दा उनीहरुलाई पक्राउ गरिएको परिसरले पत्रकार सम्मेलन गरी जानकारी गराएको हो ।

उनीहरुबाट चोरिएका केही सामग्री बरामद गरिएको जानकारी दिँदै प्रहरीले मुलुकी अपराधसंहिता, २०७४ को परिच्छेद २० अन्तर्गत चोरी तथा डाँकासम्बन्धी कसुरमा काठमाडौं जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी प्रहरी वृत्त महाराजगञ्जबाट थप अनुसन्धान भइरहेको जनाएको छ ।

## संसदमा...

उल्लेख गरिएको छ । विधेयक अनुसार कर असुल गरिएको व्यक्तिको नाम, थर र ठेगाना विभागको वेबसाइटमा राखी निजको आय तथा राजस्व सम्बन्धी विवरण विभाग र वित्तीय जानकारी इकाईमा पठाउनु पर्ने हुन्छ । कर अधिकृतले कर निर्धारण र कर परीक्षण गर्दा सम्पत्ति शुद्धीकरण, आतंककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा ऐन बमोजिम पालना गर्नुपर्ने शर्तको विषयमा मार्गदर्शन बनाइ लागू गर्ने अख्तियार आन्तरिक राजस्व विभागलाई दिइएको छ ।

स्रोत नखुलेको सम्पतिमा कर तिरेर वैध सम्पति पछि कुनै कसूरबाट प्राप्त भएको देखिएमा मुद्दा चलाउन सकिने प्रावधान पनि विधेयकमा सँगसँगै राखिएको छ । 'अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (७) बमोजिम कर असुल गरिएको वा जफत गरिएको सम्पत्ति कुनै कसूरबाट प्राप्त भएको देखिएमा प्रचलित कानून बमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन' प्रस्तावित विधेयकमा छ ।

कानून मन्त्रालयका अधिकारीहरु मध्यम वर्गलाई लक्षित गरेर यस्तो प्रस्ताव आएको बताउँछन् । सरकारलाई कर नतिरी सम्पति आर्जन गरेको तर, त्यसको स्रोत देखाउन नसकेको अवस्थामा मारमा परेकाहरुलाई प्रस्तावित विधेयकले राहत दिनेछ । ठूला व्यापारीले यो विधेयकबाट फाइदा लिन नसक्ने अधिकारीहरु बताउँछन् ।

'कानून व्यावसायीको सम्पत्तिको स्रोत, विभिन्न अध्ययनमा भित्रिया रुपमा काम गर्नेहरुको सम्पत्तिको स्रोत, लेख रचनामार्फत आम्दानी गर्नेहरुको स्रोत राज्यलाई देखाउन अप्ठ्यारो छ । तर, त्यसउपर प्रश्न उठेस्रोत नखुलेको आरोपमा मुद्दा चल्छ' विधेयकको निर्माणमा संलग्न अधिकारीहरुको तर्क छ, 'वैध सम्पत्ति नै अवैध हुने अवस्थालाई चिर्ने विधेयकको मूल ध्येय हो ।'

## उच्चपदस्थको...

भने । साथै उनले कुटनीतिक मर्यादा विपरित भएका भेट र संवादले राजनीतिमा वाहिरी हस्तक्षेप बढेको प्रष्ट पारेका छन् ।

सचिवस्तरीय बैठकमा भाग लिन केही दिनअघि काठमाडौं आएका भारतीय विदेश सचिव विनयमोहन क्वात्राले नेपालका राष्ट्रपति, प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीहरू, मन्त्री र पूर्वमन्त्री लगायत धेरै नेताहरुसँग भेटवार्ता गरेका थिए । सचिवस्तरीय बैठकमा आएका उनले सबै पार्टीका प्रमुख र प्रतिनिधिलाई भेट्नुले विशेष सन्देश दिएको राजनीतिक विश्लेषक डा. विष्णु दाहालले बताए । 'एकातिर गठबन्धनमा अस्थिरता आउनु अर्कोतिर राष्ट्रपतिको चुनाव यहीँबीचमा भारतीय विदेश सचिवको घण्टौं उच्चस्तरीय वार्ता, यसले विशेष सन्देश बोकेको देखिन्छ,' उनले भने । साथै उनले वामपन्थी सरकार हुँदा चीनसँग सामीप्यता बढ्न सक्ने भन्दै भारतले चियोचर्चो गरिरहेको पनि बताएका छन् । विदेश सचिव क्वात्राले राष्ट्रपति र प्रधानमन्त्री सहित उपप्रधानमन्त्री तथा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, उपप्रधानमन्त्री तथा माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, काँग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनमत अध्यक्ष सीके राउत, लोसपा अध्यक्ष महन्थ ठाकुर, कांग्रेस नेताहरू शेखर कोइराला, बालकृष्ण खाँण र रमेश लेखक र मधेसी नेता हृदयेश त्रिपाठी समेतलाई भेटेको थिए ।

कुटनीतिक आचारसंहिता २०६८ मा नेपाल सरकारका मन्त्री, संवैधानिक निकायका पदाधिकारी वा अन्य उच्च पदाधिकारीले विदेशी सरकारका मन्त्री, राजदूत वा उच्च सरकारी अधिकारीसँग भेटघाट गर्दा परराष्ट्र मन्त्रालयका प्रतिनिधिलाई आमन्त्रण गर्नुपर्ने व्यवस्था गरेको छ । तर, विभिन्न देशको सरकारका उपल्ला तहको अधिकारी भेट्दा समेत परराष्ट्रका प्रतिनिधि राख्ने गरेको पाइँदैन ।

सचिव क्वात्रासँग मात्रै होइन, यसअघि भएका प्राय प्रधानमन्त्री र उच्चपदस्थ व्यक्तिले मर्यादा भुलेर विदेशी प्रतिनिधिसँग भेटेको आरोप लाग्दै आएको छ । नेकपा विभाजनका समयमा केपी ओलीले भारतीय गुप्तचर संस्था रिसर्च एण्ड एनालिसिस विंग (रअ) का प्रमुख सामन्तकुमार गोयलसँग मध्यराति भेटवार्ता गरेको विषय बाहिरिएको थियो । त्यस्तै, चिनियाँ राष्ट्रपतिको दूत बनेर अकस्मात काठमाडौं ओर्लिएका चिनियाँ कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका उपमन्त्री कुअ यचौले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, नेकपा अध्यक्ष पुष्पकमल दाहाल, माधवकुमार नेपाल लगायतसँग भेटवार्ता गरेपछि सो विषय पनि विवादमा आएको थियो ।

## कामदारहरूको...

न्यायोचित भर्ना प्रक्रियालाई प्राथमिकता दिएको धारणा राख्दै सचिव अर्यालले आप्रवासी नेपाली श्रमिकहरूको सामाजिक सुरक्षाका विविध विषयहरूसहित गन्तव्य मुलुकका सरकारहरूले श्रमिकको व्यावसायिक तालिमको विषयमा पनि काम गर्नुपर्नेमा जोड दिए ।

त्यस्तै कार्यक्रममा सचिव अर्यालले संयुक्त अरब इमिरेट्सका मानव संशाधन मन्त्री डा. अब्दुलरहमान अल अवर र कतार सरकारका मानव संशाधन मन्त्री तथा सचिव र आईएलओका महानिर्देशक गिल्बर्ट होङबोसँग नेपाली श्रमिकका समस्या र समाधानबारे छलफल गरेको मन्त्रालयले जनाएको छ ।

९० भन्दा बढी देशहरूको सहभागिता रहेको सम्मेलनमा २५ भन्दा बढी देशका राष्ट्र प्रमुख र सरकार प्रमुखहरूको पनि उपस्थिति रहेको थियो । नेपाल सरकारको तर्फबाट मन्त्रालयका सचिव अर्यालको नेतृत्वमा नेपाली राजदूतावास संयुक्त अरब इमिरेट्सका राजदूत कृष्णप्रसाद ढकाल र मन्त्रालयका उपसचिव कविराज उप्रेती सहभागी थिए । फेब्रुअरी १२ देखि १५ सम्म सञ्चालन भएको समिटमा कामदार पठाउने स्रोत मुलुकहरूबीच श्रमिकहरूका समस्याका विषयमा साझा धारणा निर्माण गर्न बंगलादेश, पाकिस्तान, श्रीलंका, भियतनामका श्रम मन्त्रीहरू र नेपाल सरकारका सचिवबीच समेत बैठक भएको मन्त्रालयले जनाएको छ ।

## महाअभियोग...

महाअभियोग प्रस्ताव पाँच महिनाभित्र टुंगो लगाउने प्रस्ताव राखेका हुन् ।

एक चौथाइ सांसदले अपनत्व लिने वन नलिने निर्णय पनि तीन महिनाभित्र गरिसक्नुपर्ने हुन्छ । 'नयाँ संसद आएपछि एक चौथाइ सांसदले अगाडि बढाउन प्रस्ताव गरेको खण्डमा अगाडि बढ्छ र त्यस्तो महाअभियोगउपर तीन महिनाभित्र टुंगो लगाउनुपर्छ' नयाँ संसदमा महाअभियोग अगाडि बढाउन सकिने र त्यसको समयसीमाबारे सांसद लिलानाथ श्रेष्ठको ब्याख्या छ । नयाँ संसद सुरु भएको तीन महिनासम्म एक चौथाई सांसद महाअभियोग अगाडि बढाउन तयार नभए अघिल्लो कार्यकालमा आएको महाअभियोग स्वतः निष्कृय भएको मानिने श्रेष्ठले बताए ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा महाअभियोग प्रस्ताव संसदमा आएको, लामो समयसम्म संसदले अगाडि नबढाएको, संसदको कार्यकाल सकिने बेलामा महाअभियोग लाग्ने तर, नयाँ संसदले अगाडि बढाउने भनी सिफारिस गरेको सन्दर्भलाई ख्याल गरेर यसपटक नियमावलीमा महाअभियोग प्रस्तावबारे प्रष्ट र बाध्यात्मक व्यवस्था राखिएको हो ।

प्रतिनिधिसधा नियमावली मस्यौदा समितिका सचिव एवं संघीय संसद सचिवालयका प्रवक्ता एकराम गिरिका अनुसार नियमावलीमा गरिएको बाध्यात्मक व्यवस्था अनुसार महाअभियोग प्रस्ताव दर्ता भएको चार महिना एक हप्ताभित्र महाभियोगउपर निर्णय आउन सक्छ । तर, त्यसबीचमा आउन सक्ने भैपरी अवस्था, सार्वजनिक बिदा लगायतलाई समेत ख्याल गरेर पाँच महिनाको अवधि राखिएको हो ।

संविधान र नियमावली अनुसार प्रतिनिधि सभाका एक चौथाई सदस्यले महाभियोग प्रस्ताव दर्ता गर्न सक्छन् । संसदको अधिवेशन चलिरहेको भए ७ दिनपछिको कुनै बैठकमा र नचलेको भए १५ दिनभित्र अधिवेशन आह्वान गरी ३ दिनभित्र महाभियोग प्रस्ताव पेश गर्नुपर्ने हुन्छ । यसरी संसदमा छलफल भएपछि सिफारिस समितिमा पठाइने छ । महाअभियोग सिफारिस समितिले तीन महिनाभित्र महाअभियोग लाग्ने वा नलाग्ने टुंगो लगाइ सिफारिस सहितको प्रतिवेदन प्रतिनिधिसभाको बैठकमा पेश गर्नुपर्ने हुन्छ ।

विगतमा पनि यस्तो व्यवस्था थियो । तर, तत्कालीन संसद र सभामुखले समयतालिका अनुसार महाअभियोग प्रस्तावलाई अगाडि नबढाउँदा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा निलम्बनकै अवस्थामा अवकाशमा पुगे ।

जबराविरुद्ध १ फागुन ०७८ मा महाभियोग दर्ता भएको थियो । महाअभियोग टुंगो नलागी जबरा निलम्बनकै अवस्थामा अवकाश पाउँदा समेत उनी विरुद्धको महाअभियोगउपर टुंगो लाग्न नसकेका कारण यसपटक पाँच महिनाभित्र टुंगो नलागे स्वतः निष्कृय हुने प्रावधान राखिएको हो । नयाँ संसदमा गए तीन महिनाभित्र टुंगो लगाउनुपर्ने प्रावधान राखिएको हो । तर तत्कालीन प्रधानन्यायाधीश जबराको हकमा भने नयाँ नियमावलीको प्रावधान लागू हुने छैन ।

# आज गण्डकी प्रदेश स्थापना दिवस

**काठमाडौं/मस–** गण्डकी प्रदेश सरकारले आज सार्वजनिक बिदा दिएको छ । प्रदेश सरकारले सरकार स्थापना दिवसका अवसरमा प्रदेशका सबै सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजनिक संस्थानमा बिदा दिएको हो । प्रदेश राजपत्रमा विसं २०७९ मा सार्वजनिक बिदामा स्थापना दिवसको दिनसमेत समावेश गरिएको हो ।

गत वर्ष चैत २३ गतेको मन्त्रिपरिषद् बैठकले प्रदेश स्थापना भएको दिन बिदा दिने निर्णय गरेको थियो । प्रदेश स्थापना दिवसबाहेक प्रदेश सरकारले भानु जयन्ती, कोजाग्रत पूर्णिमा र चैतेदशैंमा बिदा दिँदै आएको छ । गण्डकी प्रदेश सरकारले स्थापना दिवसका अवसरमा बिहीबार विभिन्न कार्यक्रम गर्दैछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीका अनुसार वार्षिकोत्सवलाई भव्य बनाउने गरी तयारी गरिएको छ । उनका अनुसार बिहान ७:३० बजे शहीदचोकस्थित शहीद स्तम्भमा माल्यार्पणको कार्यक्रम रहेको छ । त्यसपछि शहीदचोकदेखि पोखरासभागृहसम्म प्रभातफेरीको आयोजना गरिएको छ ।

पोखरा सभागृहमा वार्षिकोत्सवको मूल समारोह आयोजना गरिएको छ । समारोहमा प्रदेशका उत्कृष्ट कर्मचारीको घोषणा, विपद् व्यस्थापनमा खटिएर उत्कृष्ट काम गर्ने सुरक्षाकर्मीको सम्मान र मुख्यमन्त्री कप महिला तथा पुरुष भलिबल प्रतियोगिताका च्याम्पियन टोलीलाई पुरस्कार प्रदान गरिने सचिव अधिकारीले जानकारी दिए ।

# मेलम्ची नगरपालिकाको १३औं नगरसभा सम्पन्न

**सुशील सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ३ फागुन

मेलम्ची नगरपालिकाको १३औं नगरसभा सम्पन्न भएको छ । बुधबार मेलम्चीमा सम्पन्न नगरसभाले नगरपालिकाको शिक्षालाई व्यवस्थित गर्न बनेको शिक्षा ऐन २०७५को तेस्रो संशोधन सर्वसम्मत पारित गरेको छ ।

त्यस्तै नगरसभाले विभिन्न विषयगत समितिहरुले चालु आर्थिक वर्षको हालसम्म गरेको कार्यहरुको प्रगति विवरण सभामा छलफल भई पारित भएको नगर प्रमुख आइतमान तामाङले जानकारी दिए । त्यस्तै आर्थिक ऐनसमेत संशोधनसहित पारित गरेको तामाङले जानकारी दिए । त्यस्तै नगरपालिकाको १ अर्ब ६८ करोड बराबरको विनियोजित बजेटमा संशोधन सहित पारित गरिएको हो ।

नगरसभामा नगर प्रमुख तामाङले प्रस्तुत गरेको प्रतिवेदनमा निर्वाचित भएको ८ महिनाको अवधिमा लैङ्गिक उत्तरदायी रणनैतिक योजना २०७९, राजस्व सुधार कार्ययोजना २०७९, गर्भवती तथा सुत्केरी महिलाको यातायात तथा पोषण खर्च भुक्तानीसम्बन्धी कार्यविधि २०७९, शव बहान संचालन तथा व्यवस्थापन कार्यविधि २०७९, नगर खेलकुद विकास समिति संचालन कार्यविधि २०७९ निमार्ण गरी कार्यान्वयनमा रहेको उल्लेख गरिएको थियो ।

सुशासनतर्फ नगरपालिका, वडा कार्यालयसहित सबै स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी प्रणाली जडान गरिएको, राजस्व संकलन प्रणालीलाई पारदर्शी बनाउन सफ्टवेयर संचालान गरी राजस्व संकलनको कार्यलाई सबै वडा कार्यालयहरुमा विस्तार गरिएको र व्यक्तिगत घटना दर्ता, लेखा प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, योजना व्यव्स्थापन प्रणाली, न्यायिक व्यवस्थापन प्रणाली, दर्ता चलानी एवं सिफारिस प्रणाली लगायतका कामहरुलाई सफ्टवेयर प्रणालीमा आवद्ध गराई नगरपालिका भित्रका सेवालाई प्रविधिमैत्री बनाइएको उल्लेख गरिएको छ ।

सार्वजानिक सुनुवाई कार्यक्रम गरिएको र बाँकी ६ वटा वडामा क्रमश गरिने, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीमार्फत सेवाग्राहीहरुको गुनासो, उजुरीका सम्बन्धमा तत्काल सुनुवाई हुने व्यवस्था मिलाइएको, सबै विद्यालय र सहकारी संस्था लगायत नागरिकको सरोकार रहने निकायहरुमा अनिवार्य सूचना अधिकारीको व्यवस्था गर्ने कार्यको शुरुवात गरिएको प्रतिवेदनमा उल्लेख छ ।

नगर प्रमुख तामाङद्वारा प्रस्तुत प्रतिवेदनमा भवन, योजना तथा पूर्वाधार निर्माणतर्फ चालु आर्थिक वर्षको पुस मसान्तसम्म २५ प्रतिशत योजना निर्माणका कार्यहरु सम्पन्न गरिएको छ भने पूँजीगत खर्चतर्फ १४.७५ प्रतिशत वित्तीय प्रगति हाँसिल गरिएको जनाएको छ ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्म वडा नम्बर ३, ८, १० र १३ को पक्की वडा कार्यालय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको, वडा नम्बर ७ र ९ को पक्की वडा कार्यालय भवन निर्माणका लागि बोलपत्र आह्वान भई सम्झौता गरिएको प्रतिवेदनमा उल्लेख छ । नगरपालिकाले शिक्षा तथा खेलकुद कार्यक्रम अन्तर्गत हालसमम २३.४८ प्रतिशत वित्तीय प्रगति हाँसिल गरिएको नगर प्रमुख तामाङले बताए ।

नगरपालिकाको आन्तरिक श्रोतबाट कक्षा ७ र ८ मा अध्ययनरत विद्यार्थीहरुलाई दिवा खाजाको शुरुवात गरिएको, शिक्षक सेवा आयोगबाट माध्यमिक तहमा स्थायी नियुक्ति लिई आएका ७ जना शिक्षकहरुको पदस्थापना गरिएको, नगरपालिकाको आन्तरिक श्रोतबाट क्रमशः कक्षा १२, १०, ८ र ५ सम्म संचालित विद्यालयका प्रधानाध्यापकहरुलाई प्रतिमहिना एक हजार दुई सय, एक हजार, आठ सय र पाँच सय रुपैयाँका दरले प्रधानाध्यापक भत्ता थप गरिएको प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

सभामा नगर उपप्रमुख उमा प्रधानले आर्थिक प्रतिवेदन २०७९/८०, न्यायिक समितिको प्रतिवेदन र विनियोजित बजेट प्रस्तुत गरेकी थिइन् । सभामा प्रमुख प्रशासकीय अधिकृत अमृतकुमार धिताल, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य, वडा सदस्य लगायतको उपस्थिति रहेको थियो ।

भूल सुधार

मिति २०७९/११/०३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदी, युएई र कतार र मलेशियामा रोजगारको अवसर शिर्षकमा १. कम्पनीः Contractors Union Company Transportation And Contracting र L.T. No.: 280265, २. कम्पनी : Decagon Scaffolding & Engineering Co. Llc र L.T. No.: 265162, ३. कम्पनीः O.U.F. Nursery Sdn. Bhd. र L.T. No.: 273057, ४. कम्पनीः Madina Group Wll र L.T. No.: 250053 को विज्ञापनमा **मदरल्याण्ड ओभरसिज प्रा.लि. (श्रम इजाजत पत्र नं.३३९/०५९/०६०)** को ठेगाना, इमेल र सम्पर्क नम्बर निम्न हुनुपर्नेमा प्राविधिक कारणले यस मेनपावर कार्यालयको विवरण प्रकाशित नभएकोले यसै सूचना मार्फत सम्पूर्ण विवरण सहित यो सूचना प्रकाशित गरिएको छ ।

मदरल्याण्ड ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
प्रगतिटोल-08 धुम्बाराही, काठमाडौं, Fax: 436474
फोन: ०१-४५६१११११, मोबाइल: ९८५१०४८५५९, ९८५१०४५७११ र ९८४९१६६०८८
Email : cv@motherlandoverseas.com

UAE मा रोजगार
कम्पनीः SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC
शहरः UAE
पूर्व स्वीकृत मितिः २०७८/०६/०७ | चलानी नं.: ६०१६३६१२ | L.T. No.: 246415 | पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (ASSD) | 25 | 1 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - SIRA | 50 | 12 | | 1200 | ४३,१६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन ११ गते सम्म (23 February 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Lic No. 689/063/064
सन लाईट ह्युमन रिर्सोस प्रा. लि.
सामाखुसी-०३, काठमाडौं, फोनः ४३८४८३२, ४३८४८३३

# संसदीय निर्देशन कार्यान्वयनको अवस्था कमजोर

**काठमाडौं/मस-** संसदीय समितिले शान्ति सुव्यवस्था, सुशासन र जनताप्रति उत्तरदायी हुने सम्बन्धमा दिइएका निर्देशनसमेत सरकारले कार्यान्वयमा बेवास्ता गरेको जनाएको छ। राष्ट्रियसभा, दिगो विकास तथा सुशासन समितिको बुधबार बैठकमा समितिका निर्णय र निर्देशन कार्यान्वयन अध्ययन उपसमितिको प्रतिवेदनमाथिको छलफलमा सदस्यहरूले कार्यान्वयनमा बेवास्तामा असन्तुष्टि जनाए।

समितिले प्रधानमन्त्रीसहित विभिन्न मन्त्रालय र निकायलाई ५२ वटा महत्वपूर्ण विषयमा निर्देशन दिएकामा आठ वटा मात्र पूरा कार्यान्वयन भएको बैठकमा प्रतिवेदन प्रस्तुत गरिएको थियो। त्यसमध्ये १४ आंशिक कार्यान्वयन भएको तथा ३० वटा भने कार्यान्वयन नभएको उल्लेख छ।

विशेषगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृहमन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय योजना आयोग र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निर्देशन कार्यान्वयनमा तदारुकता नदेखाएको प्रतिवेदनमा जनाइएको छ। उक्त प्रतिवेदनमा भनिएको छ, 'समितिले विगतदेखि नै निर्णय गरेर कार्यान्वयनका लागि विभिन्न सरकारी निकायमा पठाइएकोमा कार्यान्वयनको जानकारी तथा जवाफ अधिकांशरूपमा प्राप्त नभएको देखिन्छ।' समितिबाटै पनि केही निर्णय अमूर्त र अस्पष्ट भएका कारण कार्यान्वयनमा नगएको उल्लेख छ।



बैठकमा समिति सदस्य वामदेव गौतमले सबैले प्राप्त जिम्मेवारीलाई इमान्दारीपूर्वक पालना गरिएन र सुशासन कायम हुन सकेन भने मुलुक अझ अप्ठेरोमा जान सक्ने चेतावनी दिए।

केही दिनअघि राजधानीको गोंगबुमा भएको लुटपाटको घटनाले अस्थिरताको संकेत गरेको बताउँदै पूर्वगृहमन्त्री गौतमले विनियोजित बजेटको सदुपयोग हुन नसकेमा मुलुक आर्थिक अराजकताको भूमरीतर्फ जान सक्नेतर्फ समयमै ध्यान पुऱ्याउन आग्रह गरे। समितिका सदस्य रमेशजंग रायमाझीले समितिको निर्णय र निर्देशनलाई प्रधानमन्त्रीको कार्यालय र गृहमन्त्रालयबाटै बेवास्ता गरिनु युक्तिसंगत नभएको बताए। सदस्य कमलादेवी पन्तले संसद् र सरकारलाई जनताप्रति उत्तरदायी तुल्याउन दिइएका निर्देशन कार्यान्वयन गर्नुको विकल्प नरहेको धारणा राखे। समिति सदस्य विमला घिमिरेले कागजका आधारमा अनुदान उपलब्ध गराउने प्रवृत्तिले कृषि उत्पादन र कृषकको जीवनस्तर उकास्न नसक्ने बताउँदै कृषि अनुदानको ठूलो अंश काठमाडौं उपत्यकामा नै बाँडिने गरेको घटना सुनाइन्।

सदस्यहरू भुवन सुनार, सिंहबहादुर विश्वकर्मा र तिलबहादुर विश्वकर्माले गोंगबुको घटनाले शान्ति सुव्यवस्था तथा सडकमा दूध तरकारी पोखिएका घटनाले मुलुकमा सुशासनको खल्लो चित्र प्रस्तुत गरेको बताएका थिए।


## UAE मा रोजगार

COMPANY : NESTO MANAGEMENT OFFICE LLC (SOLE PROPRIETORSHIP)
City : SHARJAH

पुर्व स्वीकृत मितिः २०७९/१०/१२ | चलानी नं.: ६०१९६५७७ | LT. No.: 280091

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 20 | 20 | सम्बन्धित काममा दक्ष | 800 | २८,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packer | 250 | 0 | | 800 | २८,७७६ | | | | | | | |
| 3. | Stall & Market Salesperson | 300 | 250 | | 1200 | ४३,१६४ | | | | | | | |

प्रि अन्तर्वार्ता धमाधम भईरेहको छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ११ गते (23 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Rainbow Overseas Pvt. Ltd.**
Nepal Govt. Labour Lic No 352/ 059/060, **Mitrapark-07, Chabahil** KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803
Itahari Contact No: 025-584836, 980275887, 9852057887
Pokhara Contact No: 9802850004, 9802855008, 9802855003,9802855002
Dang Contact No: 082-563807, 9857832767, 9809723299


# प्रधानाध्यापकमाथि हातपात

**रामपुकार यादव/मध्यान्ह**
सिरहा, ३ फागुन

सिरहा राजपुरस्थित श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापकमाथि हातपात भएको छ। प्रधानाध्यापक शत्रुधन यादवमाथि विद्यालयमै कार्यरत लेखापाल सरोजकुमार यादवले हातपात गरेको आरोप लागेको हो। हिसाब मिलानका लागि बसेको बैठकमा चर्काचर्की हुँदा लेखापाल सरोजकुमारले आफूमथि हातपात गरेको प्रधानाध्यापक यादवले बताए।

विगत केहि दिन देखि विद्यार्थीसँग उठाएको शुल्क लेखापाल सरोजले विद्यालयको खातामा जम्मा नगरेको आरोप लगाउँदै प्रधानाध्यापक यादवले सम्पूर्ण शिक्षक र स्टाफ कर्मचारीहरुको हिसाबकिताब गर्न बैठक बसिरहेकै बेला आफू माथि लेखापालले दुर्व्यवहार गरेको बताए।

उता लेखापाल यादवले भने आफूले हातपात नगरेको तर प्रधानाध्यापक यादवले आफूसँग बैंक चेक माग्दा चेक दिन नमानेका कारण विवाद मात्र भएको दाबी गरेका छन्। लेखापाल यादवले भने, 'मसँग प्रधानाध्यापक यादवले कानून विपरीत विद्यार्थीहरुबाट शुल्क उठाउन लगाए। आफूले पनि ६ सय शुल्क लिनुपर्नेमा रसिद नै काटेर १ हजार रुपैयाँ उठाएको बताए। त्यही रुपैयाँबाट शिक्षक र स्टाफहरुका लागि ब्याग खरिद गर्ने योजना सुनाएपछि मैले त्यसमा असहमति जनाएँ।'

त्यही विवाद बढेर चर्काचर्की भएको लेखापाल यादवले दाबी गरे। सरकारी विद्यालयमा पढ्ने गरिब विद्यार्थीहरुको पैसा फिर्ता हुनुपर्ने माग आफूले उठाएको लेखापाल यादवको भनाइ छ। उनले विद्यार्थीबाट उठाइएको राजश्व रकम र फजुल शुल्क समेत विद्यालयको खातामा जम्मा हुनुपर्ने बताए। प्राधानाध्यपक यादव भने भने आफूमाथि दुर्व्यवहार गर्नेलाई कारवाहीको लागि बिहीबार प्रहरी कार्यालयमा जाहेरी दर्ता गराउन जाने बताएका छन्।


## खोटेहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**खोटाङबजार, खोटाङ**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति २०७९।११।०४**

यस कार्यालयबाट मिति २०७९।०९।१९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (KRM/Works/NCB-03/079-080) को सूचना अनुसार E-Bid मार्फत तोकियको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्रदाताको पेश गरेको आर्थिक प्रस्ताव E-Bid मार्फत मिति २०७९।११।११ गते १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली,२०६४ ( बाह्रौ संशोधन सहित ) को नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| KRM/WORKS/ NCB-03/2079-80 | Krishi Upajko Bhandaran Griha Tatha Sheet Griha Nirman | i) RS Nirman Sewa/BKSK Construction & Suppliers JV |

**प्रमुख प्रशासकीय अधिकृत**



## गढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**औरावनी, सुनसरी, प्रदेश नं. १, नेपाल**

### गाउँबासीहरुमा जानकारी मूलक सन्देश

- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं।
- कर समयमै तिरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- जथाभावी फोहोर नगरौं। फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- बालश्रमको प्रयोग नगरौं। गाउँपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं।
- छोराछोरीमा भेदभाव नगरौं। दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं। सभ्य नागरिकको भूमिका निर्वाह गरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं। विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं। आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं। २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं। कम तौल र कुपोषण हुनबाट बचाऔं।



## इटहरी उप–महानगरपालिका कार्यालय
## नगर कार्यपालिकाको कार्यालय
**इटहरी, सुनसरी**
**प्रदेश नं.१, नेपाल**

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।**



## Hatuwagadhi Rural Muncipality
## Office of Rural Municipal Exeecutive
**Ghodetar, Bhojpur, Province No. 1, Nepal**

### Letter of Intent to award the Contract

**First Date of publication: 2079/11/04**

This is to notify (as per PPA 2063 clause 27.2 & 27.3) to all concerned bidders that, it is our intention to award the contract for execution of ***"Hatuwagadhi Ga.Pa ward No.1, 2, 5, 6 ko sadak nirman tatha starunnati"*****and** ***"Hatuwaghadhi rural municipality ward 3, 4, 7, 8 ko Road Nirman Tatha Starunnati"*** published on Madhyanha National Daily on 2079/09/22 to the following substantially responsive lowest evaluated bidders fulfilling the qualification criteria.

| S.No. | Contract Identification Number | Work Description/ Name of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1.0 | HRM/ CW/06/079-080 | Hatuwagadhi Ga.Pa ward No.1, 2, 5,6 ko sadak nirman tatha starunnati | Ayusha Organization private limited Bhojpur Municipality -7, Bhojpur | 60,45,512.12 |
| 2.0 | HRM/ CW/07/079-080 | Hatuwaghadhi rural municipality ward 3,4,7,8 ko Road Nirman Tatha Starunnati | Ayusha Organization private limited Bhojpur Municipality -7, Bhojpur | 78,96,908.76 |

**Chief Administrative Officer**

## सम्पादकीय

# मनोबल घटेको प्रहरी

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गोंगबु घटनाबारे गम्भीर हुन सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका छन् । यातायात मजदुरहरूको आन्दोलन नियन्त्रण बाहिर जानु, प्रहरीहरू घाइते हुनु, प्रहरीको गाडी जलाइनु र केही पसलमा लुटपाट भएको घटनालाई गम्भीर रूपमा लिन प्रधानमन्त्री प्रचण्डले सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका हुन् । सोमबार यातायात मजदुरहरूको शान्तिपूर्ण आन्दोलन एकाएक उग्र हुँदा ३३ जना प्रहरी घाइते भएको प्रधानमन्त्री प्रचण्डलाई जानकारी गराइएको थियो । दुई वटा प्रहरी भ्यान जलाइएको र लोत्से मलमा आठ करोड बराबरको सामग्री लुटिएको प्रतिवेदन समेत तयार पारिएको छ । यसबारे गम्भीर छानबिन हुनुपर्ने प्रधानमन्त्री प्रचण्डको निर्देशन छ । विशेषगरी त्यसदिन यातायात मजदुरहरूको आन्दोलन नियन्त्रण लिन प्रहरीले तत्परता नदेखाएको सार्वजनिक टिप्पणी भइरहेको छ ।

यसको ठीक बिपरीत घटना राष्ट्रपतिको सवारीका क्रममा भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद् सम्बोधनका निम्ति भएको सवारीका क्रममा प्रहरीबाट चिकित्सकमाथि कुटपिट भएको भन्दै देशभरको स्वास्थ्य सेवा प्रभावित बनाइएको थियो । सवारीका क्रममा सडक खाली गराउने क्रममा चिकित्सक कुटिएको घटनाबारे छानबिन समिति गठन र कुटपिटमा संलग्न प्रहरी निलम्बनको निर्णय भएको छ । यसरी एकातिर तत्कालीन परिस्थिति अनुसार प्रहरीले सुरक्षा व्यवस्था कडा बनाउँदा छानबिन समिति गठन भएको छ भने अर्कातिर प्रहरीले मजदुर आन्दोलनमाथि हस्तक्षेप नगरेकोमा छानबिन प्रक्रिया अगाडि बढाइएको छ । यातायात मजदुर हरूसँगै उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले छानबिनको प्रतिबद्धता जनाएका थिए । त्यही प्रतिबद्धताले सार्वजनिक यातायात सञ्चालनमा आएको थियो ।

अर्थात् दुवै भूमिकामा प्रहरी नै दोषी मानिएको छ । सवारीका क्रममा बढी सक्रियता देखाएको भन्ने आरोप र आन्दोलनमाथि हस्तक्षेप नगरेको आरोप एकाअर्कामा विरोधाभाषपूर्ण छ । तर सरकारले भने दुवै घटनाको छानबिन अगाडि बढाएको छ । यस्ता समस्या देखिनुको पछाडि गृहमन्त्री नहुनु एक महत्वपूर्ण कारण भएको प्रतिनिधिसभाका सांसदहरूले निष्कर्ष निकालेका छन् । संसद् बैठकमा सांसदहरूले गृहमन्त्री नभएकै कारणले प्रहरीमाथि दोहोरो दोष आइलागेको बताएका थिए । यसको असर भने प्रहरीमाथि पर्ने पक्का छ । विशेषगरी प्रचलित कानूनलाई आधार मानेर शान्ति सुरक्षामा तैनाथ हुनुपर्ने प्रहरीको मनोविज्ञान कमजोर पार्ने काम यी दुई घटनाले गरेको छ । सँगै, प्रहरी नेतृत्वले आफ्नो विवेक र विद्यमान कानून बमोजिम काम गर्न पाइरहेको छैन भन्ने निष्कर्षमा समेत पुग्न सकिन्छ । यसको अर्थ नागरिक अधिकार र संविधानको भावना बिपरीत प्रहरी परिचालित हुनुपर्छ भन्ने होइन । तर प्रहरीले शान्ति सूव्यवस्था कायम राख्नका निम्ति आवश्यक मनोबल कमजोर पार्ने कार्य पनि उत्तिकै खतरनाक हुनेछ । यसतर्फ राजनीतिक नेतृत्वले आवश्यक ध्यान दिन ढिलाइ गर्न हुन्न ।

# अमेरिका र तालिबान अनि अफगानी

*एकातिर अमेरिकाले बनाएको आश्रित अर्थव्यवस्थाको संकटमा अफगानी पेलिन बाध्य छन् भने अर्कोतिर संकीर्ण र पुरातन तालिबानी शासनमा बन्दी भइरहेका छन् । तर, यस्तोमा उनीहरूका निम्ति विकल्पहरू भने निकै न्यून छन् । अफगानी कहिलेसम्म यसैगरी पेलिन्छन्, त्यो आन्तरिकभन्दा बाह्य खेलमै निर्भर रहनेछ ।*

अग्रलेख



● लोकनारायण सुबेदी

### नाजुक अवस्थामा महिला

दुई वर्ष अघि सन् २०२१ को अगष्टमा तालिबानहरु अफगानिस्तानको सत्तामा फिर्ता आएका थिए । सत्तामा आउँदै गर्दा तालिबानले शिक्षा र रोजगारीको विषयमा महिलाहरुको पहुँचमा बाधा पुऱ्याउने कुनै पनि नीतिहरुलाई लागू नगरिने प्रतिबद्धता गरेका थिए । तर, उनीहरुको स्वभावका आधारमा ती कुराहरु विश्वास गर्ने स्थिति भने थिएन । हुन पनि उनीहरुले पूर्ववत शैलीलाई दोहोऱ्याए । जब उनीहरु सत्तामा पुगेर राजकाज चलाउन थाले तब प्रतिबद्दताहरुलाई बिर्सिन थाले । हालै राष्ट्रसंघका उच्च अधिकारीले गरेको अफगानिस्तान भ्रमणले पनि अफगानिस्तानमा महिलाहरुको अवस्था निकै नाजुक रहेको देखाउँछ । महिलाहरुलाई शिक्षा र रोजगारीलगायतका विषयबाट पूरै बञ्चित गरिएको स्पष्ट पार्दछ ।



सन् २०१६ देखि तालिबानको नेतृत्व हिबतुल्लाह अखुन्द्जदाको हातमा रहेको छ । जसलाई आफ्ना पूर्ववर्तीहरुलाई जस्तै 'आमिर-अल-मुमिनीन'को ओहोदा प्राप्त छ । सन् १९९६ देखि २००१ का बीचमा तालिबानको पहिलो सरकारमा अखुन्द्जदा एउटा शरीया अदालतको न्यायाधीश थिए । शरीया अदालतको न्यायाधीश रहँदा अखुन्द्जदाले निकै कडा फैसलाहरु गरेर कुख्याति कमाएका थिए । सन् २००१ पछि क्वेटा पाकिस्तानमा उनले भूमिगत अदालत सञ्चालन गर्ने गर्दथे । यसकारण पनि तालिबान सरकारबाट महिला अधिकारप्रति उदारको आशा त केवल केही नबुझेका सोझा सिधा मान्छेले मात्रै गर्न सक्दछन् ।

शुरुवातदेखि नै शिक्षा र रोजगारीसँग सम्बन्धित विषयमा महिलाप्रति तालिबानहरुको संकीर्ण मानसिकता रहँदै आएको छ । उनीहरुले महिलालाई मानवीय व्यवहार नै गर्दैनन् भन्नेसम्मका टिप्पणीहरु हुँदै आएका छन् । अहिले तालिबान सरकारमा पुगेसँगै मुस्लिम बहुल देशमै पनि तालिबानको रवैयाप्रति विरोध भइरहेको छ । टर्कीका राष्ट्रपति रेसप तायिप एर्दोगानले महिलाको विषयमा तालिबानी आदेशहरुमाथि कडा टिप्पणी गर्दै तिनलाई 'अमानवीय र गैर-इस्लामिक' भन्ने संज्ञा दिएका छन् । टर्कीले इस्लामी सहयोग संगठन (ओआईसी) सँग समेत यस विषयमा चर्चा गर्नका लागि विशेष बैठक बोलाउने पनि माग गरेको थियो । त्यस विशेष बैठकको आयोजना ११ जनवरी २०२३ मा गरियो पनि । त्यसमा एउटा जोडदार व्यक्तव्य जारी गरेर ओआईसीले अफगानिस्तानमा महिला शिक्षालाई निलम्बन गर्ने तथा सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संगठनहरुका लागि महिला कर्मचारीहरुलाई निलम्बन गर्ने आदेश गरिएकोप्रति गम्भीररुपमा विरोध जनायो । उसले आदेशहरु फिर्ता लिन पनि माग गऱ्यो ।

यसअघि जून २०२२ मा इन्टरनेशनल इस्लामिक फिक्ह एकेडेमी (आईआईएफए) द्वारा इस्लामिक विद्वान तथा जुरिष्टहरुको एक प्रतिनिधि मण्डलले पनि इस्लामिक ट्रेडिशनअन्तर्गत महिलाहरुलाई शिक्षा तथा रोजगारीको वकालत गर्नका लागि अफगानिस्तान पठाएको थियो । अहिले पनि ओआईसीले आईआईएफसँग तालिबानलाई यो कुरा सम्झाउनका लागि एउटा अर्को प्रतिनिधिमण्डल पठाउने अनुरोध गरेको छ । उनीहरुले तालिबानका आदेशहरु 'उदारचेता इस्लामिक शरिया' अमानवीय भएको भन्दै विरोध जनाएका छन् ।

### अनुदार व्यवस्थामा आर्थिक संकट पनि कारण

सन् २००१ देखि २०२१ का बीचमा जब अफगानिस्तामाथि अमेरिकाको नियन्त्रण थियो, त्यसबेला त्यहाँ एउटा यस्तो व्यवस्थाको निर्माण गरिएको थियो जुन विदेशी सरकारहरु र परोपकारी संगठनहरुको मद्दतमा निर्भर थियो । सरकारको झण्डै तीन चौथाई राजश्व तथा देशको जीडीपीको आधा भाग त्यस्तै अन्तर्राष्ट्रिय सहायताकै भरमा आउने गर्दथ्यो । त्यतिबेला अमेरिकाको सैन्य जहाजमा भरेर डलर ल्याउने गरिन्थ्यो । अफगानिस्तानको अर्थव्यवस्था बाहिरबाट आउने गरेको मद्दतमा आश्रित भइसकेको थियो । यो एउटा मद्दत सञ्चालित अर्थव्यवस्था भइसकेको थियो, जहाँ सरकारले पूर्णरुपमा अमेरिकाको संरक्षणमा काम गर्ने गर्दथ्यो । २० वर्षको कालखण्डमा जतिबेला अमेरिकाले त्यहाँ कब्जा जमाइरोखेको थियो, आत्मनिर्भरताको कुनै पनि संरचनाको निर्माण गरिएको थिएन ।

जतिबेला तालिबानहरु सत्तामा आए तब अमेरिकी सरकारले विश्व बैंकलाई दुई सय करोड डलरको रकम राशी भुक्तान गर्न मनाही गरिदियो । यो भुक्तानी अफगानिस्तान रिकस्ट्रक्शन ट्रस्ट फण्डमार्फत हुनुपर्ने थियो । जसलाई एडीबीले स्थानीय बैंकहरुलाई लाखौंको संख्यामा स्वास्थ्यकर्मीहरु, शिक्षकहरु र अन्य पेशेवर मानिसहरुको तलब भुक्तानीका लागि प्रदान गर्ने गर्दथ्यो । यसरी सारा फण्डिङ्गमाथि रोक लाग्न पुग्यो, जसले गर्दा देशका विभिन्न पेशामा कार्यरत मानिसहरु या त पेशै छोडेर भाग्न पुगे या तिनले आजीविकाको लागि अन्य उपायहरुको खोजी गर्न बाध्य बने । जसले पनि अफगानिस्तानका महिलाहरुलाई थप संकटमा लैजान भूमिका खेल्यो ।

संयुक्त राष्ट्र संघले अफगानिस्तानलाई विश्वको 'जटील मानवीय संकटले आक्रान्त'(कम्प्लेक्स ह्यूमनिटरियन इमर्जेन्सिज-सीएचईएस) देशको दर्जा राखेको छ । जहाँ देशको दुई तिहाई जनसंख्या अर्थात् झण्डै दुई करोठ ८३ लाख मानिसहरुलाई मानवीय आधारमा मद्दतको ठूलो आवश्यकता छ । जहाँ एक करोड ७० लाख मानिसहरु अत्याधिक भोकको सामना गरिरहेका छन् । अफगानिस्तानबाट अमेरिका हटिसकेपछि र त्यहाँ तालिबानहरु सत्तामा फिर्ता आउनुभन्दा निकै पहिला नै मानवीय संकट निकै अप्ठ्यारो अवस्थामा थियो । कारण एकदमै प्रष्ट छ कि अमेरिकाको कब्जाको बेला त्यो देश पूर्णरुपले विदेशी मद्दतमा आश्रित तुल्याइएको थियो ।

